# टोल विकास संस्था गठन तथा परिचालन सम्वन्धी कार्यविधि, २०७५

**कार्यपालिकाबाट पारित मितिः २०७५/१०/१४** **प्रमाणिकरण मितिः २०७५/१०/१५**

**१. भूमिका :**

वडा कार्यालयको अगुवाई र सामुदायिक प्रयासमा टोलको संस्थागत, समाजिक तथा आर्थिक विकास, र स्थानीयस्तरमा सुशासन प्रवर्द्धन गर्न नगरपालिकाका सहरी बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिने टोल विकास संस्थाको कामलाई व्यवस्थित गर्न सिद्धिचरण नगर कार्यपालिकाले मिति २०७५/१०/१४ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

**२. उद्देश्य :**

**टोल विकास संस्था गठनका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :**

१) टोल, वस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह गरिने सेवामा टोलवासीको पहुँच अभिवृद्धि गर्ने,

२) टोलवासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना गरी सो को विकास र प्रवर्द्धन गर्ने,

३) टोल बस्ती स्तरमा समानता र समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,

४) आर्थिक, सामाजिक सवालमा सबै टोलवासीलाई समान रुपमा सहभागी गराउने,

५) टोलको सामाजिक कार्यमा पारदर्शीता कायम गरी सुशासनलाई बढावा दिने,

६) टोल विकास संस्थालाई वडाभन्दा तल्लो इकाइको रुपमा विकास गरी सहभागितात्मक योजना तर्जुमा र कार्यान्वयनमा सहभागी गराउने,

७) टोलका सदस्यहरुमध्ये गरीविको मापदण्ड निर्धारण गरी विपन्नहरुको अभिलेख तयार गर्ने र निजहरु लक्षित गरीवि निवारण सम्वन्धी विभिन्न क्रियाकलापहरु सञ्चालन गर्न वडा र नगरपालिकालाई सहयोग गर्ने,

८) टोलको समग्र विकासका लागि कार्यक्रमहरु तय गर्न सहयोग गर्ने,

९) वातावणरमैत्री तथा बालमैत्री टोल घोषणा गर्नका लागि आवश्यक सूचकहरु पूरा गर्न वडा र नगरपालिकालाई सहयोग गर्ने ।

**३. गठन :**

**टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछ :**

१) नगरपालिका क्षेत्रका बस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घर परिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

२) पहिलो पटकको लागि वडा अध्यक्ष वा निजले तोकेको वडा समितिको पदाधिकारीको रोहवरमा आयोजना गरिने टोल भेलाबाट टोल विकास समितिको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको टोल विकास संस्था कार्य समिति गठन गरिनेछ । तर, दोस्रो पटकको हकमा त्यस्तो कार्य समिति साधारण सभाबाट सकेसम्म सर्वसम्मत वा सो नभएमा बहुमतबाट गठन हुनेछ ।

३) टोल विकास कार्य समितिका पदाधिकारीहरुको पदावधि २ (दुई) बर्षको हुनेछ । एक पटक अध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति दुई बर्षको अवधि व्यतित नभई पुनः सोही पदको जिम्मेवारीमा निर्वाचित हुन सक्ने छैन ।

४) टोल विकास कार्य समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्येको कुनै एक पदमा अनिवार्य महिला पदाधिकारी हुनु पर्नेछ ।

५) टोल विकास संस्थामा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेटनु पर्नेछ। सो सम्भव नभए कम्तीमा असी प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ। टोल विकास संस्थामा सहभागी भएका सदस्यहरुमध्ये कम्तीमा पचास प्रतिशत महिला सहभागी आवद्ध गराउनु पर्नेछ।

६) टोल विकास संस्थाको ढाँचालाई स्पष्ट पार्न अनुसूची-१ मा उल्लेखित नमूना विधानको आधारमा टोल विकास संस्थाको विधान तयार गरी टोल विकास संस्थाको पहिलो पटक आयोजित भेलाद्वारा स्वीकृत भएको हुनु पर्नेछ।

**४. टोल विकास संस्थाको दर्ता/सूचिकृत :**

**टोल विकास संस्थाको दर्ता/सूचिकृत देहाय बमोजिम हुनेछ :**

१) टोल विकास संस्थाको भेलाबाट भएको सर्वसम्मत र सर्व सम्मत नभएको अवस्थामा बहुमतको निर्णयबाट पारित विधानको आधारमा सम्वन्धित टोल विकास संस्थाले दर्ता हुनका लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमको निवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ।

२) अनुसूची-२ बमोजिमको निवेदन प्राप्त भएपछि नगरपालिकाले टोल विकास संस्था दर्ता गरी अनुसूची-३ बमोजिमको प्रमाण-पत्र प्रदान गर्नेछ।

३) टोल विकास संस्थाले प्रचलित कानून र यस कार्यविधिमा उल्लेखित उद्देश्य विपरित कुनै काम गरेमा नगरपालिकाले त्यस्तो टोल विकास संस्थाको दर्ता खारेज गर्नेछ। दर्ता खारेज भएपछि सो टोलमा नयाँ टोल विकास संस्था गठन हुनेछ।

४) यो कार्यविधि लागु हुनुअघि गठन भई क्रियाशील रहेका टोल विकास संस्थाहरु यसै कार्यविधिले निर्धारण गरे बमोजिमका प्रक्रियाहरु पूरा गरी सूचिकृत हुन नगरपालिकामा निवेदन दिनु पर्नेछ र सबै प्रक्रिया पूरा भै आएपछि नगरपालिकाले सूचिकृत गरी सो को प्रमाण पत्र दिनेछ।

**५. टोल विकास संस्थाले गर्ने कार्यहरु :**

**टोल विकास संस्थाले आफ्नो क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ :**

१) टोलमा धनी, गरीवको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

२) विभिन्न सरकारी एवम् गैर सरकारी निकायहरुसँग सुमधुर सम्वन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने,

३) टोलमा उद्यम विकाससँग सम्वन्धित योजनाहरु सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने,

४) नगरपालिकाले लागु गरेको कर दस्तुर सम्वन्धी नीतिको बारेमा प्रचार प्रसार गरी राजश्व अशुलीका लागि सचेतना र उत्प्रेरणामूलक क्रियाकलाप सञ्चालन गर्ने,

५) टोलको विकासका लागि विभिन्न स्रोतबाट प्राप्त हुन आएको स्रोतको उच्चतम् रुपमा सदुपयोग गर्ने,

६) टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने,

७) एच.आई.भि./एड्स, बोक्सी आरोप, अन्धविश्वास,बाल बिवाह, बहु बिवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधार र न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गर्ने,

८) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधिक गरी सूचनाको अभिलेख राख्ने,

९) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने,

१०) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट सञ्चालन हुने योजनाहरुको अनुगमन गरी वडा कार्यालय मार्फत नगरपालिकालाई पृष्ठपोषण दिने,

११) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्यिन गर्न गराउन आवश्यक सहयोग गर्ने,

१२) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

१३) टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदिजस्ता सामाजिक सरोकारका बिषयमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

१४) टोलमा रहेका सार्वजनिक, पर्ति,ऐलानी आदी जग्गाको संरक्षण कार्यमा नगरपालिकालाई सहयोग गर्ने,

१५) नगर सभा र नगर कार्यपालिकाले पारित गरेको निर्णय कार्यान्वियन गर्न सहयोग गर्ने,

१६) संस्थामा प्राप्त रकम संस्थाको नीति बमोजिम खर्च गर्ने, लेखा राख्ने, लेखा परीक्षण गराउने र खर्च सार्वजनिक गर्ने,

१७) आफ्नो टोलक्षेत्रबाट सिर्जना हुने फोहरलाई उचीत व्यवस्थापन गर्ने काममा नगरपालिकासँग साझेदारी र सहकार्यका लागि सहयोग गर्ने,

१८) नगरपालिका र वडा समितिसँगको समन्वय र सहकार्यमा सम्पादन गरिने कामहरु सम्वन्धी समझदारीपत्र तयार गरी स्वीकृतिका लागि  नगरपालिका र वडा समितिमा पेश गर्ने,

१९) नगरपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने,

२०) संस्थामा आवद्ध सदस्यहरुको हितका लागि आयमूलक क्रियाकलापहरु सञ्चालन गर्ने,

२१) नगरपालिकाले निर्धारण गरेको सेवा शुल्क संकलन गरी नगर कार्यपालिकाको कार्यालयमा बुझाउने ।

**६. टोल विकास संस्था कार्य समितिको बैठक :**

**टोल विकास संस्था कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ :**

१) टोल विकास संस्थाका सदस्यहरुको हित, सहयोग एवम् समन्वयमा केन्द्रीत रही टोल विकास संस्था कार्य समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

२) समितिको बैठकमा नगरपालिकाका प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिने छ ।

३) संस्था कार्य समितिको सचिवले बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी अध्यक्षलाई प्रमाणित गराउनु पर्नेछ ।

**७. टोल विकास संस्था कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :**

**टोल विकास संस्था कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) कार्य समिति बैठकको मिति, समय र स्थान तोकी नियमित रुपमा बैठक बोलाउने,

२) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने,

३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने,

४) छलफल हुँदा सबैको बिचार संकलन गरी सर्वसम्मत निर्णय गराउन पहल गर्ने,

५) संस्था कार्य समितिको बैठकबाट भएका निर्णयहरु कार्यान्वन गर्ने गराउने,

६) विकासको कार्यमा सबै सदस्यहरुलाई समेटेर नेतृत्व प्रदान गर्ने,

७) संस्थाले आफै आर्जन गरेको वा प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने,

८) बिशेष बैठक बोलाउन आवश्यक भएमा बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

९) कार्यविधि बमोजिमका अन्य कार्यहरु गर्ने ।

**(ख) उपाध्यक्षको काम कर्तब्य र अधिकारः**

१) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भई अध्यक्षले गर्नुपर्ने सबै कामकाज गर्ने,

२) संस्थाको विधान बमोजिमका अन्य कामहरु गर्ने ।

**(ग) सचिवको काम, कर्तव्य र अधिकार :**

१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने,

२) एकतिहाई सदस्यले बिशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने,

३) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी अध्यक्षलाई प्रमाणित गराउने,

४) संस्थाको कृयाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने,

५) तोकिए बमोजमका अन्य कार्यहरु गर्ने,

६) साधारण सभा र कार्य समितिको बैठक पुस्तिकामा पदाधिकारी तथा सदस्यहरुलाई उपस्थिति गराउने ।

**(घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) संस्थाको आम्दानी र खर्चको बिवरण तयार गर्ने,

२) आम्दानी र खर्चको लेखा परीक्षण गराउने,

३) बैंकमा खाता सञ्चालन गर्दा अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गर्ने व्यवस्था गर्ने,

४) संस्थाको नगदी र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(ङ) सदस्यको काम, कर्तव्य र अधिकार :**

१) नगरपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित शर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने,

२) संस्थाको हिसाब किताबहरु जाँच गर्ने,

३) संस्थाका पदाधिकारीहरुबाट सम्पादित कामहरुको नियमित रुपमा मूल्यांङ्कन गरी सो को प्रतिवेदन संस्था कार्य समितिको बैठकमा पेश गर्ने,

४) आवश्यकता अनुसार संस्था सञ्चालनको लागि नीति, नियमहरु बनाउन सहयोग गर्ने र सो नियमहरु पालना गर्ने गराउने,

५) आवश्यकता अनुसार अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सहयोग गर्ने,

६) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**८. आर्थिक व्यवस्थापन :**

**संस्थाको आम्दानी, खर्च, नाफा, लेखापालन, लेखा परीक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ :**

**(क) टोल विकास संस्थाको आम्दानी :**

**टोल विकास संस्थाको आम्दानी देहाय बमोजिम हुनेछ :**

१) सदस्यताबाट प्राप्त शुल्क ।

२) संस्थाले आफ्नो क्रियाकलाप सम्पादन गर्ने सिलसिलामा प्राप्त हुने आय,

३) दान, चन्दा वा अनुदान वापत प्राप्त हुने रकम,

४) अन्य आम्दानी ।

१) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता, अनुदान, दान वा चन्दा वापतको रकम,

२) टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी,

३) संस्थाले अन्य स्रोतबाट आर्जन गरेको रकम ।

**(ख) टोल विकास संस्थाको खर्च :**

१) संस्थाको विकास निर्माणका लागि टोल विकास संस्थाको रकम संस्थाको निर्णय अनुसार खर्च हुनेछ ।

२) संस्था सञ्चालन, व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाको नीति बमोजिम खर्च हुनेछ ।

**(ग) नाफा :**

१) टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।
३) नाफाबाट आर्जित रकम संस्थाको निर्णय अनुसार संस्थाले टोलको विकास कार्यका लागि खर्च सक्नेछ ।

**(घ) लेखा :**

**संस्थाको लेखापालन देहाय बमोजिम हुनेछ :**

१) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सीसँग सम्वन्धित आम्दानी र खर्चको लेखा स्पष्ट रुपमा राख्नु पर्नेछ ।

२) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब सम्वन्धी बिवरण तयार गरी टोल विकास संस्थाको बैठकमा पेश गर्नु पर्नेछ ।

**(ङ) लेखापरीक्षण :**

**संस्थाको लेखा परीक्षण देहाय बमोजिम हुनेछ :**

१) संस्थाको साधारण सभाले नियुक्त गरेको लेखापरीक्षकबाट संस्थाको आर्थिक कारोवारको लेखापरीक्षण गराउनु पर्नेछ ।

२) आवश्यकताको आधारमा नगरपालिकाले पनि लेखापरीक्षण गराउन सक्नेछ ।

३) संस्थाले आफ्नो बार्षिक लेखापरीक्षणको प्रतिवेदन सार्वजनिक गर्नुका साथै संस्थाको साधारण सभा र नगरपालिकामा समेत पेश गर्नु पर्नेछ ।

**९. विविध :**

१) यो कार्यविधिमा व्यवस्थित कुराहरु प्रचलित ऐन, कानूनहरुसँग बाझिएमा बाझिएको हदसम्म स्वत खारेज हुनेछन् ।

२) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा अड्चन आएमा नगर कार्यपालिका बैठकको निर्णय अनुसार वाधा अड्चन फुकुवा गरिनेछ ।

३) यो कार्यविधिमा उल्लेखित कुनै व्यहोरा संशोधन गर्नु पर्ने भएमा नगर कार्यपालिका बैठकको निर्णयबाट संशोधन हुनेछ ।

## अनुसूची-१

## ................................ टोल विकास संस्थाको विधान

**प्रस्तावना :**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै नगरपालिकाको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागितात्मक योजना तर्जुमा र कार्यान्वयन प्रकृयामा सक्रिय सहभागी भई आफ्नो टोलको विकास गर्नका लागि टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ ।

**१. प्रारम्भिक :**

**संक्षिप्त नाम र प्रारम्भ**

(क) यो विधान ..................... टोल विकास संस्थाको विधान हुनेछ ।

(ख) यो संस्थाको नाम....................... हुनेछ ।

(ग) यो विधान .................टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भई नगरपालिकामा दर्ता भएको मितिबाट लागु हुनेछ ।

(घ) यस संस्थाको कार्यालय..........................मा रहनेछ ।

(ङ) यस संस्थाको कार्यक्षेत्रको सिमाना देहाय बमोजिम हुनेछ ।

पूर्व.................................... पश्चिम............................

उत्तर.................................. दक्षिण..............................

**२.परिभाषा :**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :**

१.'संस्था' भन्नाले ........................ टोल विकास संस्थालाई सम्झनु पर्छ ।

२. 'विधान' भन्नाले ...........टोल विकास संस्थाको विधानलाई सम्झनु पर्छ ।

३. 'साधारण सभा' भन्नाले ...........संस्थाको साधारण सदस्यहरुको भेला सम्झनु पर्छ ।

४. 'समिति' भन्नाले.............. टोल विकास संस्थाको कार्यसमिति सम्झनु पर्छ ।

५. 'बैठक' भन्नाले ............ टोल विकास संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ ।

६. 'पदाधिकारी' भन्नाले ......... टोल विकास संस्था कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरु सम्झनु पर्छ ।

**३. संगठित संस्था हुने :**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

(ख) संस्थाले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति बिक्री गर्न भने पाउने छैन । संस्था विघटन भएमा संस्थाको सम्पूर्ण चल-अचल सम्पत्ति नगरपालिकामा हस्तान्तरण हुनेछ ।

**४. संस्थाका उद्देश्यहरु :**

**संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ :**

१) टोल, वस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह गरिने सेवामा टोलवासीको पहुँच अभिवृद्धि गर्ने,

२) टोलवासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना गरी सो को विकास र प्रवर्द्धन गर्ने,

३) टोल बस्ती स्तरमा समानता र समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,

४) आर्थिक, सामाजिक सवालमा सबै टोलवासीलाई समान रुपमा सहभागी गराउने,

५) टोलको सामाजिक कार्यमा पारदर्शीता कायम गरी सुशासनलाई बढावा दिने,

६) टोल विकास संस्थालाई वडाभन्दा तल्लो इकाइको रुपमा विकास गरी सहभागितात्मक योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा सहभागी गराउने,

७) टोलका सदस्यहरुमध्ये गरीविको मापदण्ड निर्धारण गरी विपन्नहरुको अभिलेख तयार गर्ने र निजहरु लक्षित गरीवि निवारण सम्वन्धी विभिन्न क्रियाकलापहरु सञ्चालन गर्न वडा र नगरपालिकालाई सहयोग गर्ने,

८) टोलको समग्र विकासका लागि कार्यक्रमहरु तय गर्न सहयोग गर्ने,

९) वातावणरमैत्री तथा बालमैत्री टोल घोषणा गर्नका लागि आवश्यक सूचकहरु पूरा गर्न वडा र नगरपालिकालाई सहयोग गर्ने ।

**५. टोल विकास कार्यसमितिको गठन :**

**टोल विकास कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ :**

(क) नगरपालिकाका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

(ख) पहिलो पटकका लागि अध्यक्ष वा निजले तोकेको वडा समितिको पदाधिकारीको रोहवरमा आयोजना गरिने टोल विकास संस्थाको भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । दोस्रो पटकको हकमा यस्तो कार्यसमिति साधारण सभाबाट सकेसम्म सर्वसम्मत वा सो नभएमा बहुमतबाट गठन गरिनेछ ।

(ग) टोल विकास संस्था कार्य समितिको अवधि २ वर्षको हुनेछ ।

(घ) एक पटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन ।

(ङ) कार्यसमितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष वा कोषाध्यक्षहरु मध्ये कुनै एक जना अनविार्य रुपमा महिला हुनु पर्नेछ ।

(च) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई समेट्नु पर्दछ । यदी सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरुमध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

**६. संस्थाका कार्यहरु :**

**टोल विकास संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन् :**

१) टोलमा धनी, गरीवको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

२) विभिन्न सरकारी एवम् गैर सरकारी निकायहरुसँग सुमधुर सम्वन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने,

३) टोलमा उद्यम विकाससँग सम्वन्धित योजनाहरु सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने,

४) नगरपालिकाले लागु गरेको कर दस्तुर सम्वन्धी नीतिको बारेमा प्रचार प्रसार गरी राजश्व अशुलीका लागि सचेतना र उत्प्रेरणामूलक क्रियाकलाप सञ्चालन गर्ने,

५) टोलको विकासका लागि विभिन्न स्रोतबाट प्राप्त हुन आएको स्रोतको उच्चतम् रुपमा सदुपयोग गर्ने,

६) टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने,

७) एच.आई.भि./एड्स, बोक्सी आरोप, अन्धविश्वास,बाल बिवाह, बहु बिवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधार र न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गर्ने,

८) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधिक गरी सूचनाको अभिलेख राख्ने,

९) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने,

१०) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट सञ्चालन हुने योजनाहरुको अनुगमन गरी वडा कार्यालय मार्फत नगरपालिकालाई पृष्ठपोषण दिने,

११) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्यिन गर्न गराउन आवश्यक सहयोग गर्ने,

१२) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

१३) टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदिजस्ता सामाजिक सरोकारका बिषयमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

१४) टोलमा रहेका सार्वजनिक, पर्ति,ऐलानी आदी जग्गाको संरक्षण कार्यमा नगरपालिकालाई सहयोग गर्ने,

१५) नगर सभा र नगर कार्यपालिकाले पारित गरेको निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने,

१६) संस्थामा प्राप्त रकम संस्थाको नीति बमोजिम खर्च गर्ने, लेखा राख्ने, लेखा परीक्षण गराउने र खर्च सार्वजनिक गर्ने,

१७) आफ्नो टोलक्षेत्रबाट सिर्जना हुने फोहरलाई उचीत व्यवस्थापन गर्ने काममा नगरपालिकासँग साझेदारी र सहकार्यका लागि सहयोग गर्ने,

१८) नगरपालिका र वडा समितिसँगको समन्वय र सहकार्यमा सम्पादन गरिने कामहरु सम्वन्धी समझदारीपत्र तयार गरी स्वीकृतिका लागि नगरपालिका र वडा समितिमा पेश गर्ने,

१९) नगरपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने,

२०) संस्थामा आवद्ध सदस्यहरुको हितका लागि आयमूलक क्रियाकलापहरु सञ्चालन गर्ने,

२१) नगरपालिकाले निर्धारण गरेको सेवा शुल्क संकलन गरी नगर कार्यपालिकाको कार्यालयमा बुझाउने ।

**७. सदस्यता :**

**संस्थामा सदस्यता देहाय बमोजिम हुनेछ :**

(क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोकेबमोजिमको दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ,

(ग) संस्थाको सदस्यता शुल्क तथा प्रवेश शुल्क संस्थाको साधारण सभाले तोके बमोजिम हुनेछ ।

**८. सदस्यता नरहने :**

**देहायको अवस्थामा सदस्य रहने छैन :**

(क) सदस्यको मृत्यु भएमा,

(ख) सदस्यले लिखित रुपमा दिएको सदस्यता परित्याग सम्वन्धी निवेदन संस्था कार्य समितिले स्वीकृत गरेमा,

(ग) प्रचलित कानूनबाट निषेधित कार्य गरेमा ।

(घ) संस्थालाई बुझाउनुपर्ने सदस्यता शुल्क नबुझाएको वा संस्थाको निर्णय पालना नगरेको कारण संस्थाले निर्णय गरी हटाएमा ।

(ङ) संस्थालाई हानि(नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा ।

तर संस्थाको निर्णय उपर चित्त नबुझ्ने सदस्यालाई साधारण सभा समक्ष सफाई पेश गर्ने मौका दिइनेछ र यस सम्वन्धमा साधारण सभाले गरेको निर्णय अन्तीम हुनेछ ।

**९. संस्था गठन एवं कार्य संचालन विधि :**

**संस्थाको गठन एवं कार्य संचालन विधि देहाय बमोजिम हुनेछ :**

(क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयहरुबाट टोलको क्षेत्र निर्क्यौल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने सकेसम्म सबै र सो नभएमा असी प्रतिशत घरधुरीहरुको उपस्थितिमा टोल विकास संस्थाको गठन गरिनेछ ।

(ख) टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरुको भेलाबाट सकेसम्म सर्वसम्मत वा सो नभएमा बहुमतबाट एक(एक जना अध्यक्ष, कोषाध्यक्ष र सचिव तथा आवश्यकताको आधारमा अन्य सदस्यहरुको चयन हुनेछ ।

(ग) संस्थामा कम्तिमा ५० प्रतिशत महिला सदस्य रहने छन् । अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला हुनु पर्नेछ ।

**१०. संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

**संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

१) कार्य समिति बैठकको मिति, समय र स्थान तोकी नियमित रुपमा बैठक बोलाउने,

२) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने,

३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने,

४) छलफल हुँदा सबैको बिचार संकलन गरी सर्वसम्मत निर्णय गराउन पहल गर्ने,

५) संस्था कार्य समितिको बैठकबाट भएका निर्णयहरु कार्यान्वन गर्ने गराउने,

६) विकासको कार्यमा सबै सदस्यहरुलाई समेटेर नेतृत्व प्रदान गर्ने,

७) संस्थाले आफै आर्जन गरेको वा प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने,
८) बिशेष बैठक बोलाउन आवश्यक भएमा बैठक बोलाउन सचिवलाई निर्देशन दिने,
९) कार्यविधि बमोजिमका अन्य कार्यहरु गर्ने ।

**(ख) उपाध्यक्षको काम कर्तब्य र अधिकार :**

१) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भई अध्यक्षले गर्नुपर्ने सबै कामकाज गर्ने,
२) संस्थाको विधान बमोजिमका अन्य कामहरु गर्ने ।

**(ग) सचिवको काम, कर्तव्य र अधिकार :**

१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने,
२) एकतिहाई सदस्यले बिशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने,
३) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी अध्यक्षलाई प्रमाणित गराउने,
४) संस्थाको कृयाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने,
५) तोकिए बमोजमका अन्य कार्यहरु गर्ने,
६) साधारण सभा र कार्य समितिको बैठक पुस्तिकामा पदाधिकारी तथा सदस्यहरुलाई उपस्थिति गराउने ।

**(घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) संस्थाको आम्दानी र खर्चको बिवरण तयार गर्ने,
२) आम्दानी र खर्चको लेखा परीक्षण गराउने,
३) बैंकमा खाता सञ्चालन गर्दा अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गर्ने व्यवस्था गर्ने,
४) संस्थाको नगदी र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(ङ) सदस्यको काम, कर्तव्य र अधिकार :**

१) नगरपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित शर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने,
२) संस्थाको हिसाब किताबहरु जाँच गर्ने,
३) संस्थाका पदाधिकारीहरुबाट सम्पादित कामहरुको नियमित रुपमा मूल्यांङ्कन गरी सो को प्रतिवेदन संस्था कार्य समितिको बैठकमा पेश गर्ने,
४) आवश्यकता अनुसार संस्था सञ्चालनको लागि नीति, नियमहरु बनाउन सहयोग गर्ने र सो नियमहरु पालना गर्ने गराउने,
५) आवश्यकता अनुसार अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सहयोग गर्ने,
६) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**११. साधारण सभाको गठन र कार्य प्रणाली :**

**साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ :**

१. संस्थाका सबै पदाधिकारी र सदस्यहरु रहेको एक साधारण सभा हुनेछ ।
२. साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।
३. साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

**साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) संस्थाको साधारण सभामा निर्णयार्थ पेश भएका बिषयमा निर्णय दिने,
(ख) लेखापरीक्षक नियुक्ति गर्ने,

(ग) संस्थाको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने,
(घ) कार्यसमितिलाई अधिकार प्रत्यायोजन गर्ने,
(ङ) संस्थाद्वारा सम्पादित कामको समीक्षा गर्ने,
(च) संस्थाको विधान संशोधन गर्ने,
(छ) आवश्यकता अनुसार संस्था सल्लाहाकारको मनोनयन गर्ने,
(ज) संस्थाको बार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१३. आर्थिक व्यवस्था :**

(क) संस्थाको आर्थिक स्रोत देहाय बमोजिम हुनेछ :
१) दस्यताबाट प्राप्त शुल्क ।
२) संस्थाले आफ्नो क्रियाकलाप सम्पादन गर्ने सिलसिलामा प्राप्त हुने आय,
३) दान, चन्दा वा अनुदान वापत प्राप्त हुने रकम,
४) अन्य आम्दानी ।

(ख) प्रत्येक बर्षको असार मसान्तसम्मको लेखा तयार गरी लेखा परिक्षण गराउने र लेखा परीक्षकबाट प्राप्त प्रतिवेदन नगरपालिका र संस्थाको साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

(ग) संस्थाले खरिद गरेको वा अन्य प्रक्रियाबाट संस्थालाई प्राप्त भएको चल(अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिएबमोजिम हुनेछ ।

(घ) संस्थाको खर्च देहाय बमोजिम हुनेछ :
१) संस्थाको विकास निर्माणका लागि टोल विकास संस्थाको कोषमा रहेको रकम संस्थाको निर्णय अनुसार खर्च हुनेछ ।
२) संस्था सञ्चालन, व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाको नीति बमोजिम खर्च हुनेछ ।

**१४. कार्यसमिति तथा पदाधिकारीको राजिनामा :**

(क) समितिका पदाधिकारीहरु र सदस्यहरुले आफ्नो पदबाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

(ख) अध्यक्षले आफ्नो राजीनामा संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजिम हुनेछ ।

**१५. कार्यसमितिलाई अविश्वासको प्रस्ताव :**

कार्यसमितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविश्वास छ भनी यथोचित कारण देखाई संस्थाका ६० प्रतिशत सदस्यहरुले विशेष साधारण सभामा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन् । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णय प्रक्रियमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

१६. संस्थाको विशेष साधारण सभामा पेश भएको अविश्वासको पस्ताव साधारण सभाको बहुमतले स्वीकृत गरेमा त्यस्तो पदाधिकारी पदमुक्त हुनेछ ।

**१७. विधान संशोधन :**

संस्थाको विधान संशोधन गर्नुपर्ने भएमा देहायको प्रक्रिया पुरा गरेपछि संशोधन हुनेछ ।

(क) विधान संशोधन सम्वन्धमा संस्था कार्य समितिले पेश गरेको संशोधन प्रस्ताव साधारण सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई मतद्वारा पारित गरेको हुनुपर्ने ।

(ख) साधारण सभाले पारित गरेको संशोधन प्रस्ताव नगर कार्यपालिकाबाट स्वीकृत हुनुपर्ने ।

## अनुसूची-२
## टोल विकास संस्थालाई नगरपालिकामा दर्ता गर्ने

## निवेदनको नमूना

मिति :......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय,
ओखलढुङ्गा ।

विषय : टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस नगरपालिका अन्तरगतको वडा नं. ..... को......... टोलमा गठन गरिएको.....................................................टोल विकास संस्थालाई........................ नगरपालिकामा दर्ता/सूचीकृत गरिदिनु हुन अनरोध गर्दछु । यस ............ टोल विकास संस्थाको क्षेत्र तपसिलमा उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ । संस्थाको भेला/साधारण सभाले पारित गरेको २ (दुई) प्रति विधान यसैसाथ संलग्न छ ।

पूर्व सिमाना :......................................
पश्चिम सिमाना :.................................
उत्तर सिमानना :.................................
दक्षिण सिमाना :.................................

निवेदक

.............................

अध्यक्षको नाम :
टोल विकास संस्थाको नाम :
ठेगाना : मितिः .........................

## अनुसूची-३

सिद्धिचरण नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

## प्रमाण-पत्र

.......................................... नगरपालिका वडा नं. ............ स्थित ............................. मा गठन भएको .................................... टोल विकास संस्थालाई यस कार्यालयमा मिति ................... मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ। यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना गर्दछु ।

.......................................
मितिः
(प्रमुख प्रशासकीय अधिकृत)

आज्ञाले
भोजराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत